नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ, दार्चुला
कार्यक्षेत्र: दार्चुला/बैतडी

फोन नं ०९३-४२०१४१
इमेल pmamp.piu.darchula@gmail.com
Website: piudarchula.pmamp.gov.np

प.सं. ०८१/८२
च.न.

मितिः २०८१/१०/०४
ने.स. ११४५ पोहेलागा चतुर्थी-१९

माग आवेदन प्रस्ताव पेश गर्ने बारेको सूचना ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, दार्चुलाको चालु आ.ब ०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्नुपर्ने भएकोले यस एकाइमा सूचिकृत भएका इच्छुक कृषि समूह/कृषि सहकारी/समिति/कृषि फर्म/कृषि कम्पनीहरुले निम्नानुसारको आवश्यक कागजातहरु संलग्न राखि सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं अर्थात मिति २०८१/१०/१८ गतेभित्र एकाइबाट स्वीकृत अनुसूची-१० बमोजिमको ढाँचाको प्रस्तावना सहितको आवेदन (प्रत्येक कार्यक्रमको छुट्टाछुट्टै) परियोजना प्राविधिक एकाइ, बैतडी (मकै जोनतर्फ) वा परियोजना कार्यान्वयन एकाइ, दार्चुलामा दर्ता गराउनहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ। साथै अनुसूची-१० बमोजिमको प्रस्ताव ढाँचा एकाइमा वा एकाइको वेवसाइट https://piudarchula.pmamp.gov.np बाट समेत हेर्न तथा डाउनलोड गर्न सकिनेछ।

| क्र.स | कार्यक्रमको नाम | एकाइ | लक्ष्य | स्वीकृत बजेट | अनुदान | माग गर्न/संचालन हुन सक्ने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| मकै जोन (बैतडी तर्फ) | | | | | | | | |
| १ | मकैको विउ उत्पादनका लागि स्रोत विउ सहयोग | हे. | १० | ०.३ | ५०% | मकैको स्रोत विउ वितरण | आधुनिक प्रविधिवाट कम्तिमा १० रोपनी क्षेत्रफलमा मकै विउ उत्पादन गर्नुपर्ने | मकै जोन बैतडी |
| २ | मकैको क्षेत्र विस्तारका लागि उन्नत विउ सहयोग | पटक | १ | १.१६ | ५०% | मकैको उन्नत विउ वितरण | आधुनिक प्रविधिवाट कम्तिमा १० रोपनी क्षेत्रफलमा मकै खेती गर्नुपर्ने | |

कमल तामाङ्ग
कार्यालय प्रमुख

<u>संलग्न कागजातहरु:</u>

१. आवेदनमा रु १० को टिकट टाँसि पूर्ण रुपमा भरिएको अनुसूची १० बमोजमको प्रस्तावना फारम सेट १
२. संस्था दर्ता प्रमाणपत्रको (नवीकरण भए सो समेत) प्रतिलिपि १
३. स्थायी लेखा (PAN) प्रमाणपत्रको प्रतिलिपि १
४. आ.व ०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि १
५. संस्थागत भए विस्तृत विवरण सहितको माग सम्वन्धि कार्यसमितिको संस्थागत निर्णयको प्रतिलिपि १
६. आधिकारिक व्यक्ति वा सम्पर्क व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १
७. सम्वन्धित पालिकाको वडा कार्यालयको कार्यक्रम आवश्यक रहेको व्यहोरा खुलेको सक्कल सिफारिस पत्र १
८. कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडामा भए कम्तिमा ५ वर्षको सम्झौता करारनामा प्रमाणको प्रतिलिपि १

**पुनश्चः** मकैको स्रोत विउ उत्पादनको हकमा विउ उत्पादन तथा व्यवस्थापन सम्वन्धि सम्वन्धित निकायवाट तालिम प्राप्त गरेकोलाई प्राथमिकता दिइनेछ र सो को लागि प्रमाणपत्र पेश गर्नुपर्नेछ।